श्री

# उच्च अदालत तुलसीपुर, बुटवल इजलास

## संयुक्त इजलास

**माननीय न्यायाधीश श्री अग्नीप्रसाद थपलिया**

**माननीय न्यायाधीश श्री हरिप्रसाद पौडेल**

**आदेश**

रिट निवेदन नं.०७७-WH-००१५

इजलास नं. २ को नि.नं. ७५

जिल्ला पाल्पा, निस्दि गाउँपालिका वडा नं. १ वाकामलाम बस्ने टेकबहादुर आलेको नाति नवल सिंह आलेको छोरा बर्ष ४२ मिन बहादुर आलेको हकमा जिल्ला रूपन्देही बुटवल उप-महानगरपालिका वडा नं. ११ बस्ने मिना महत. } निवेदक

विरुद्ध

जिल्ला प्रशासन कार्यालय, गुल्मी ....................................................१
जिल्ला प्रहरी कार्यालय, गुल्मी ........................................................१ } विपक्षी

मुद्दाः- बन्दीप्रत्यक्षीकरण

नेपालको संविधानको धारा १४४ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः-

तथ्य खण्ड

१. मिन बहादुर आले मेरो साथी हुनुहुन्छ। उहाँ एक साधारण नेपाली नागरिक भई हाल कृषि पेशामा आबद्ध रही परिवारको पालताल गर्दै आउनु भएको थियो। आफ्नो पेशालाई निरन्तरता दिंदै आउनु भएको अवस्थामा मिति २०७७/८/५ गतेका दिन

बिहान अं. ९.०० बजेको समयमा रुपन्देही जिल्ला, बुटवल उप-महानगरपालिका वडा नं. ७ मा रहेका निरबहादुर वि.क. को घरमा डेरा गरी बसेका आफन्तलाई भेटघाट गर्न गएको अवस्थामा अर्को कोठामा डेरा गरी बस्ने व्यक्तिको कोठा खानतलासी गरी उक्त कोठामा बस्ने व्यक्तिलाई नभेटी हामी निरबहादुर वि.क.को घरमा बसी रहेको अवस्थामा प्रहरीले पक्राउ गरी प्रहरीले अपहरणको शैलिमा गाडीमा राखी लिएर गएका हुन्। पछि बुझ्दै जाँदा इलाका प्रहरी कार्यालय बुटवलले पक्राउ गरी लगेको भन्ने थाहा जानकारी भएको थियो। यसरी मेरा साथी पुर्ण बहादुर सिंहलाई पक्राउ गरी लगेको थियो। यसरी मेरा साथी पुर्ण बहादुर सिंहलाई घरमा बसेको अवस्थामा इलाका प्रहरी कार्यालय बुटवल रुपन्देहीबाट खटि गएको प्रहरीले पक्राउ गरी इलाका प्रहरी कार्यालय बुटवलमा थुनामा राखेको छ भन्ने कुरा सुन्नमा आएको थियो। यसै सम्मानित अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गरेकोमा उक्त रिट खारेज भई मिति २०७७ मंसिर ३० गते रूपन्देही जिल्ला अदालतका माननिय न्यायाधिश श्री कमल प्रसाद ज्ञवाली ज्यूले मुद्दा नं. ०७७-**C1**-०१७२ को विस्फोटक पदार्थ मुद्दामा शुद्ध तारेखमा रहने आदेश गर्नु भएको थियो। उक्त आदेश गरे लगत्तै इलाका प्रहरी कार्यालय बुटवलबाट खटि गएका प्रहरीले अदालतको तारेख लिने फाँटबाटै पुनः पक्राउ गरी पाल्पा जिल्ला प्रहरी कार्यालयमा लगी पाल्पा जिल्ला अदालतका माननीय न्यायाधीश श्री खडक बहादुर के.सी. ज्यूले मु.नं. ०७७-**C1**-०००३ अपराधिक प्रवेश तथा अपराधिक उपद्रव सम्बन्धी मुद्दामा मिति २०७७/९/१ गते शुद्ध तारेखमा रहने गरी आदेश गरे लगत्तै पुनः अदालत भित्रैबाट पक्राउ गरी गुल्मी जिल्ला प्रहरी कार्यालयमा राखेको छ भन्ने कुरा सुन्नमा आएको हुँदा यो निवेदन लिई सम्मानित अदालतको शरणमा उपस्थित भएको छु।विपक्षीको ठाडो आदेशमा खटि गएका प्रहरीहरुले मेरो साथी मिन बहादुर आलेलाई बिना कारण पक्राउ गरी गैरकानूनी हिरासतमा राखिएको छ।निजलाई के कति कारणले पक्राउ गरी हिरासतमा राखिएको हो भन्ने कुनै पनि जानकारी परिवारका सदस्य र आफन्तहरुलाई समेत दिएका छैनन्।मेरो साथी हालसम्म कुनै पनि दलमा आवद्ध नरही स्वतन्तर रुपमै

कृषि पेशा व्यवसाय गरी जीविकोपार्जन गर्दै आएका थिए। अतः कृषि पेशा व्यवसाय गरी परिवारको र आफ्नो जिविकोपार्जन गर्दै आएका मेरा साथी मिन बहादुर आले नेकपा माओवादी समुहमा आबद्ध भएको भनी विचार र आस्थाका आधारमा विना कारण विना पूर्जी पक्राउ गर्ने, हिरासतमा राख्ने समेतका प्रत्यर्थीहरुको उल्लेखित गैरकानूनी कार्यबाट म निवेदकको साथी मिन बहादुर आले अन्यायमा परि नेपालको संविधानको धारा १६(१) र (२) (क)(ख)(ग) (ङ) (च) धारा १७ धारा १८(१) धारा २०(१)(२)(३)(८) धारा २२ समेत प्रदत्त मौलिक हक अधिकार कुण्ठित भएको तथ्य प्रष्ट भएको छ ।मेरो साथी मिन बहादुर आलेलाई विना कारण पक्राउ गरी गैर कानुनी थुनामा राखेबाट व्यक्तिगत हक हनन भएकोले निजलाई तुरुन्त सम्मानित अदालत समक्ष उपस्थित गराई गैरकानूनी थुनाबाट मुक्त गर्न उल्लेखित विपक्षीहरुका नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ३५, ३६(१), ३७, ३८ समेतका आधारमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको मिन बहादुर आलेको हकमा निजको साथी मिना महतले दिएको निवेदन मागदावी।

२. यसमा के कसो भएको हो? निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुन नपर्ने कुनै कारण र प्रमाण भए सो समेत साथै राखी उच्च सरकारी वकिलको कार्यालय बुटवल मार्फत् लिखितजवाफ मिति २०७७।०९।०९ गतेका दिन ११:०० बजेसम्म पेस गर्नु भनी विपक्षीहरुका नाममा प्रस्तुत आदेश र निवेदनपत्रको प्रतिलिपि साथै राखी म्याद तामेल गरी मिति २०७७।०९।०९ को पेशी तोकी नियमानुसार पेश गर्नू भन्ने यस अदालतबाट मिति २०७७।०९।०६ मा भएको आदेश।

३. मिति २०७७।०९।०१ गते रातको २१:४० बजेको समयमा जिल्ला गुल्मी, रेसुङ्गा नगरपालिका वडा नं. ८ स्थितमा गस्ती पट्रोलिङ गर्दै जाने क्रममा ऐ. ट्राफिकचोकस्थित सडक बाटोमा शंकास्पद अवस्थामा हिंडीरहेका जिल्ला जाजरकोट, कुसे गा.पा.वडा नं.२ बस्ने बर्ष ४१ को पुर्ण बहादुर सिंह र जिल्ला पाल्पा, निस्दी गा.पा.वडा नं.१ बस्ने वर्ष ४२ को मिन बहादुर आले समेतका जना

२ (दुई) व्यक्तिहरुलाई शंका मानी चेकजाँच गर्ने क्रममा प्रतिवेदक प्रहरी टोलीलाई अपशब्द,गाली गलौच गर्नुका साथै विना कारण वादविवाद गरी ओहदाको कर्तव्य पालनामा बाधा व्यवधान पुऱ्याई अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन, जिल्ला सरकारी वकिल कार्यालय गुल्मीको मिति २०७७/०९/०२ गतेको राय अनुसार अभद्र व्यवहार गरेको मुद्दामा अनुसन्धान कार्य पूरा गर्नको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ (३) बमोजिम मिति २०७७/०९/०१ गते देखि लागू हुने गरी पहिलो पटक दिन १० (दश) को म्याद थप गरी पाउन प्राप्त निवेदन सहितको सक्कल मिसिल तथा प्रतिवादी मिन बहादुर आलेलाई उपस्थित गराइएकोमा यस कार्यालयबाट मिति २०७७/०९/०१ देखि २०७७/०९/१० गतेसम्म पहिलो पटक दिन १०(दश) अनुसन्धानका लागि हिरासतमा राख्न मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४ (६) बमोजिम अनुमति दिइएको। अतः प्रतिवादी मिन बहादुर आलेले आफूले गरेको कसुर अपराधबाट बच्नको लागि मलाई गैरकानूनी रुपमा पक्राउ गरी हिरासत कक्षमा राखेको भनी यस कार्यालय समेतलाई बिपक्षी बनाई आफूले गरेको कसूर लुकाउन, कसूरबाट बच्नको लागि मलाई जिल्ला प्रहरी कार्यालय गुल्मीले गैरकानूनी रुपमा हिरासतमा राखेको भनी आदेश जारी गरी पाउँ भन्ने समेत ब्यहोराको सम्मानित अदालत समक्ष बन्दीप्रत्यक्षीकरण मुद्धाको दाबी गर्नु सरासर कपोकल्पित, झुट्ठा र निराधार हो। यी सबै अध्ययन मनन गरी हेर्दा रिट निवेदकको दाबी तर्कसंगत छैन। रिट निवेदकको रिट कपोलकल्पित, भ्रामक, निराधार र प्रमाण बिहिन भएको हुँदा उक्त रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत विपक्षी जिल्ला प्रशासन कार्यालय, गुल्मीको लिखितजवाफ।

४. मिति मिति २०७७।०९।०१ गते रातको २१:४० बजेको समयमा जिल्ला गुल्मी रेसुङ्गा नगरपालिका वडा नं.८ स्थितमा गस्ती पट्रोलिङ गर्दै जाने क्रममा ऐ. ट्राफिकचोक स्थित सडक बाटोमा शंकास्पद अबस्थामा हिंडीरहेका जिल्ला जाजरकोट, कुसे गा.पा.वडा नं.२ बस्ने बर्ष ४१ को पुर्ण बहादुर सिंह र जिल्ला पाल्पा निस्दी गा.पा.वडा नं.१ बस्ने वर्ष ४२ को मिन बहादुर आले समेतका जना

२ (दुई) व्यक्तिहरुलाई शंका मानी चेकजाँच गर्ने क्रममा प्रतिवेदक प्रहरी टोलीलाई अपशब्द, गाली गलौज गर्नुका साथै विना कारण वादविवाद गरी ओहदाको कर्तव्य पालनामा बाधा व्यवधान पुऱ्याई अभद्र व्यवहार गरेको हुँदा निजहरुलाई तत्कालै जरुरी पक्राउ पुर्जी जारी गरी पक्राउ नगर्दा निजहरु भागी जान सक्ने एवं अन्य कुनै अप्रिय घटनाहरु घटाउन सक्ने भएकोले उल्लेखित व्यक्तिहरुको नाउँको जरुरी पक्राउ पूर्जी जारी गरी आवश्यक कारबाहीको लागि यस कार्यालयमा दाखिला गरेकोमा निज प्रतिवादीहरुलाई मुलुकी अपराध संहिता, २०७४ को सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्ध अन्तर्गत अभद्र व्यवहार गर्न नहुने कसूर शीर्षकमा मुद्धा दर्ता गरी जिल्ला प्रशासन कार्यालय गुल्मीबाट पक्राउ पूर्जी समर्थन गराई मिति २०७७।०९।०१ गते बाट लागू हुने गरी पहिलो पटक दिन १० (दश) म्याद थप लिई यस कार्यालयको हिरासत कक्षमा राखी घटनाको बारेमा थप अनुसन्धान कार्य भइरहेको। अतः प्रतिवादी मिन बहादुर आलेले आफूले गरेको कसूर अपराधबाट बच्नको लागि मलाई गैरकानूनी रुपमा पक्राउ गरी हिरासत कक्षमा राखेको भनी यस कार्यालय समेतलाई बिपक्षी बनाई आफूले गरेको कसूर लुकाउन, कसूरबाट बच्नको लागि मलाई जिल्ला प्रहरी कार्यालय गुल्मीले गैरकानूनी रुपमा हिरासतमा राखेको भनी आदेश जारी गरी पाउँ भन्ने समेत ब्यहोराको सम्मानित अदालत समक्ष बन्दीप्रत्यक्षीकरण मुद्दाको दाबी गर्नु सरासर कपोकल्पित, झुट्ठा र निराधार हो। यी सबै अध्ययन मनन गरी हेर्दा रिट निवेदकको दाबी तर्कसंगत छैन। रिट निवेदकको रिट कपोकल्पित, भ्रामक, निराधार र प्रमाणविहीन भएको हुँदा उक्त रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत विपक्षी जिल्ला प्रहरी कार्यालय गुल्मीको लिखितजवाफ।

## आदेश खण्ड

५. नियमबमोजिम निर्णयार्थ पेश भएको प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनमा निवेदकतर्फबाट उपस्थित विदुषी अधिवक्ता श्री ज्ञानु के.सी.ले मेरो पक्ष सामान्य खेती किसान पेशा गरी खाने व्यक्ति भएकोमा रुपन्देही जिल्ला अदालतबाट विष्फोटक पदार्थ सम्बन्धी मुद्दामा सामान्य तारेखमा छोडेकोमा तारेख लिनासाथ

अदालतको न्यूनतम मर्यादासमेत नराखी तारेख लिने फाँटबाट नै प्रहरीले गिरफ्तार गरी गाडीमा हाली भोलिपल्ट मिति २०७७।९।१ गते पाल्पा जिल्ला अदालतमा कथित अपराधिक प्रवेश तथा अपराधिक उपद्रव मुद्दाहरुमा बयान गराई सामान्य तारेखमा सोही दिन छाडेकोमा प्रहरीले त्यहाँबाटसमेत गिरफ्तार गरी गुल्मीमा पुऱ्याई सो रातमा प्रहरीलाई अभद्र व्यवहार गरेको भन्ने झुठ्ठा आरोपमा म्याद थप गरी हिरासतमा राखिएको छ। मेरो पक्ष पूर्व माओवादी भएकोले हाल विप्लव माओवादी भएको भनी शंका गरी आस्थाको आधारमा प्रवृत्त भावनाले एकपछि अर्को आरोप लगाई निरन्तर थुनामा राख्ने विपक्षीहरुको कार्य गैरकानूनी भएकोले रिट जारी गरी गैरकानूनी थुनाबाट बन्दीलाई मुक्त गरी पाउँ भनी र विपक्षीहरुको तर्फबाट प्रतिरक्षार्थ उपस्थित उच्च सरकारी वकिल कार्यालय बुटवलका सहायक न्यायाधिवक्ता श्री नारायण आचार्यले निवेदकले कर्तव्य पालनमा रहेका प्रहरीहरुलाई अभद्र व्यवहार गरेकोले मुद्दा हेर्ने अधिकारीबाट म्याद थप लिई हिरासतमा राखेकोले गैरकानूनी थुना भन्न मिल्ने नभएकोले रिट खारेज हुनुपर्छ भनी गर्नु भएको बहससमेत सुनियो।

६. मिसिल केलाइ हेर्दा, मेरा साथी नेपाली नागरिक भई कृषि पेशामा आबद्ध रही परिवार पालिरहेकोमा रुपन्देहीमा डेरा गरी बसेका आफन्तलाई भेटन गएको अवस्थामा सो डेरा कोठा खानतलासी गरी उक्त कोठामा भाडामा बस्ने व्यक्तिलाई नभेटी निजलाई गिरफ्तार गरी इलाका प्रहरी कार्यालय बुटवलमा राखेको थाहा पाई उच्च अदालत बुटवलमा बन्दीप्रत्यक्षीकरण निवेदन दिएकोमा खारेज भएको र मिति २०७७।८।३० मा रुपन्देही जिल्ला अदालतले विस्फोटक पदार्थ सम्बन्धी मुद्दामा साधारण तारेखमा राख्ने आदेश दिएकोमा तारेख लिने फाँटबाटै इलाका प्रहरी कार्यालयका प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय पाल्पामा लगी जिल्ला अदालत पाल्पामा अपराधिक प्रवेश तथा अपराधिक उपद्रव मुद्दाहरुमा बयान गराई मिति ०७७।९।१ गते उक्त जिल्ला अदालतले साधारण तारेखमा राख्ने भनी आदेश गरेकोमा पुनः अदालतबाटै पक्राउ गरी जिल्ला प्रहरी कार्यालय,गुल्मीमा थुनामा राखेको भन्ने सुन्नमा आएकोले विपक्षीहरुले कुन मुद्दामा थुनामा राखेको हो?

जानकारी दिएको छैन। मेरो साथी कुनै राजनितिक दलमा आबद्ध नभएकोमा विगतमा भएको वैचारिक आस्थाका आधारमा हाल विप्लब माओवादीको कार्यकर्ता भएको आशङ्कामा थुनामा राख्ने विपक्षीहरुको कार्यले नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक कुण्ठित भएकोले मेरो साथी मिन बहादुर आलेलाई गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भन्ने मुख्य निवेदन जिकिर पाइयो।

७. विपक्षी जिल्ला प्रहरी कार्यालयबाट पेस भएको लिखितजवाफ व्यहोरालाई अध्ययन गर्दा मिति २०७७।९।१ गते रातको समय २१.४० बजेको समयमा गस्ती गर्दै जाँदा रेसुङ्गा वडा नं. ८ ट्राफिकचोकमा निवेदक र पूर्ण बहादुर सिंह उपर शंका लागि चेकजाँच गर्ने क्रममा प्रहरी टोलीलाई अपशब्द प्रयोग गरी वादविवाद गरी ओहदाको कर्तव्य पालनमा बाधा पुऱ्याएकोले निजहरुलाई पक्राउ नगर्दा भागी जान सक्ने र अन्य अप्रिय घटना गराउन सक्ने भएकोले जरुरी पक्राउ पूर्जि जारी गरी अभद्र व्यवहार गरेकोले मुलुकी अपराध संहिता, २०७४ को सार्वजनिक हित, स्वास्थ्य,सुरक्षा,सुविधा र नैतिकता विरुद्धको अभद्र व्यवहार गर्न नहुने कसूरमा मुद्दा दर्ता गरी जिल्ला प्रशासन कार्यालाय गुल्मीबाट मिति २०७७।९।१ गतेदेखि नै लागू हुने गरी १०(दश) दिने म्याद थप लिई हिरासतमा राखेकोले निवेदकले आफू कसूरबाट बच्न कपोकल्पित बन्दीप्रत्यक्षीकरणको निवेदन दायर गरेकोले प्रमाणहीन र आधारहीन निवेदन खारेज गरी पाउँ भन्ने पाइयो। जिल्ला प्रशासन कार्यालय गुल्मीबाट पनि सोही मिलानको लिखितजवाफ प्राप्त भएको देखियो।

८. बन्दीप्रत्यक्षीकरण जसलाई Heabeas Corpus भनिँदै आएको छ, वास्तवमा यो ल्याटिन भाषाको शब्द हो, जसको अंग्रेजी वाङ्मयमा शाब्दिक अर्थ Person under arrest to be brought before the court(बन्दीलाई अदालत समक्ष ल्याउ) भन्ने हुन्छ। सिद्धान्ततः कानूनी भाषामा बन्दीप्रत्यक्षीकरणको आदेश भनेको अदालतले कुनै पनि व्यक्तिलाई कुनै व्यक्ति, संस्था वा सार्वजनिक निकाय वा सार्वजनिक अधिकारीले गैरकानूनी तरिकाले पक्राउ गरी थुनामा राखेको वा कब्जामा लिई बन्धक बनाएको अवस्थामा त्यस्तो बन्दीलाई थुनामुक्त गरी व्यक्ति वा नागरिकको वैयक्तिक

स्वतन्त्रताको संरक्षण गर्न जारी गर्ने विशेष प्रकृतिको आदेश हो। गैरकानूनी थुना भन्नाले अवधारणागत रुपमा देहायको अवस्थालाई बुझाउँछः-

-पर्याप्त आधार विना थुनामा राखेको(baseless detention),

-शंकाको भरमा थुनामा राखेको(doubtful detention),

-स्वेच्छाचारी रुपले थुनामा राखेको(arbitrary detention),

-जमानत वा प्यारोल दिनु पर्नेमा इन्कार गरेको(rejection for bail and parole),

-कानूनले क्षेत्राधिकार नभएको निकाय वा अधिकारीले थुनेको(detention by lack of jurisdiction ),

-कानूनले प्राप्त क्षेत्राधिकारभन्दा बाहिर वा दुरुपयोग गरी थुनामा राखेको (detention by excess or abuse of jurisdiction),

-थुनामा राख्दा बाध्यात्मक रुपले पुर्‍याउनु पर्ने प्रक्रिया नपुर्‍याई थुनामा राखेको(failure to adopt binding procedure),

-पूर्वाग्रह राखी थुनामा राखेको(detention by bias attitude),

-फैसलाले लागेको कैद जरिवाना भुक्तान भैसकेपछि थुनामा राखेको(detention more than fixed imprisonment and fine by decision of court) ।

९. उपरोक्त बमोजिमको अवधारणागत पाटो रहेको गैरकानूनी थुनाका सम्बन्धमा कानूनी पक्षलाई केलाउनु अनिवार्य हुन्छ। स्वभाविक रुपले कानूनी पक्षलाई केलाउँदा अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानूनलाई नियाल्नु आवश्यक छ। अन्तर्राष्ट्रिय कानूनलाई हेर्दा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा-३ ले प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता एवं व्यक्तिगत सुरक्षाको अधिकार, धारा-६ ले कानूनको दृष्टिमा प्रत्येक व्यक्तिलाई व्यक्तिको रुपमा मान्यता पाउने अधिकार, धारा-९ ले कसैलाई पनि स्वेच्छाचारी किसिमले पक्राउ, थुनाई विरुद्धको अधिकार, धारा-१३(१)ले प्रत्येक व्यक्तिलाई देशको सीमानाभित्र स्वतन्त्रतापूर्वक आवतजावत तथा बसोबासको अधिकार, धारा १९ मा प्रत्येक व्यक्तिलाई विचार अभिव्यक्तिको स्वतन्त्रताको अधिकार प्रदान गरेको पाइन्छ। नेपालले अनुमोदन गरी पक्ष बनेको नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्द, १९६६ को

धारा-९ मा प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा जिउको सुरक्षाको अधिकार छ। कसैलाई पनि स्वेच्छाचारी पक्राउ अथाव थुनाई भोग्न लगाइने छैन। कानूनले स्थापना गरेका आधार तथा कार्यविधिबाट बाहेक कसैलाई पनि आफ्नो स्वतन्त्रताबाट बञ्चित गरिने छैन। पक्राउ गर्ने समयमा समातिएका कुनै पनि व्यक्तिलाई पक्राउ परेको कारण अवगत गराइनेछ तथा तुरुन्तै तिनका विरुद्धका आरोपको जानकारी दिलाइनेछ। अकानूनी पक्राउ अथवा थुनाईको शिकार भएका कुनै पनि व्यक्तिलाई कार्यान्वयन गर्न सकिने क्षतिपूर्तिको अधिकार हुनेछ भन्ने पाइन्छ। यस्ता मानव अधिकार प्रत्येक मानवले समान र विना विभेद उपभोग गर्न पाउने कुरामा सन्देह छैन।

१०. राष्ट्रिय कानूनका पाटाहरुलाई हेर्दा, नेपालको संविधानले भाग-३ मा मौलिक हक र कर्तव्यको व्यवस्था गर्दै धारा-१६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक, धारा-१७ ले स्वतन्त्रताको हक जसमा विचार र अभिव्यक्ति, नेपालको कुनै पनि भागमा आवतजावत वा बसोबास गर्ने आदि विविध खाले स्वतन्त्रता प्रत्याभूत गरेको पाइन्छ। नेपालको संविधानको धारा २० ले न्यायसम्बन्धी हक प्रदान गर्दै प्रचलित कानूनले सजाय नहुने काम गरेवापत सजायको भागी नहुने र स्वच्छ सुनुवाइको हक प्रदान गरी सुरक्षाको प्रत्याभूति दिएको पाइन्छ। उक्त संविधानको धारा-२२ मा यातना विरुद्धको हकको व्यवस्था गरी पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने र गरिए त्यस्तो कार्य दण्डनीय हुने र क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरिएको छ। बि.सं.२०७४ मा जारी प्रचलित अपराध संहिताको परिच्छेद-२ मा फौजदारी न्यायका सिद्धान्तहरुको उल्लेख गरी नागरिकको मौलिक हकमा सुरक्षा कवच लगाइएको अवस्था छ।

११. उपरोक्त बमोजिमको तथ्य, अन्तर्राष्ट्रिय कानून, राष्ट्रिय कानून र दुवै तर्फका विद्वान् कानून व्यवसायीहरुको तर्कपूर्ण बहस रहेको प्रस्तुत रिट निवेदनमा निवेदकलाई हिरासतमा लिने विपक्षीहरुको कार्य गैरकानूनी हो, होइन? र निवेदकको माग बमोजिमको आदेश जारी हुने, नहुने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो।

१२.निर्णयतर्फ विचार गर्दा- विपक्षीहरुको लिखितजवाफ व्यहोराबाट निवेदक र निजको साथी मिति २०७७।९।१ गते राति २१.४० बजे ट्राफिकचोक सडक बाटोमा शंकास्पद अवस्थामा हिंडीरहेकोमा शंका लागि चेकजाँच गर्ने क्रममा प्रहरी टोलीलाई अपशब्द प्रयोग गर्नुका साथै गाली-गलौज, वादविवाद गरी प्रहरीलाई कर्तब्य पालनमा बाधा व्यवधान पुर्‍याई अभद्र व्यवहार गरेकोले पक्राउ गरी जिल्ला प्रशासन कार्यालयबाट म्याद लिई कारवाही चलाएको भन्ने उल्लेख छ। उक्त विपक्षीहरुको लिखितजवाफ मिसिल संलग्न कागज प्रमाणहरुबाट समर्थित हुने, नहुनेतर्फ कानूनी कसि लगाउँदा लिखितजवाफसाथ जरुरी पक्राउ पूर्जी, जिल्ला प्रशासन कार्यालयको हिरासतमा राख्ने अनुमति आदि बाहेक वस्तुनिष्ट प्रमाणहरु पेस भएको पाइएन।

१३.अब, यी निवेदकले उक्त कार्य गरेको हो, होइन? भन्नेतर्फ विश्लेषण गर्दा यी निवेदकलाई मिति २०७७।८।५ गते बिहान विष्फोटक पदार्थ सम्बन्धी मुद्दाको अनुसन्धानको लागि बुटवल उपमहानगरपालिका वडा नं. ७ बाट पक्राउ गरिएको कुरा ०७७-c1-०१७२ विष्फोटक पदार्थ सम्बन्धी मुद्दाको मिसिल संलग्न कागजहरुबाट स्पष्ट रुपमा देखिन्छ। यी निवेदकलाई उक्त मुद्दाबाट मिति २०७७।८।३० मा रुपन्देही जिल्ला अदालतले थुनछेक दरवियानमा तारेखमा राख्ने आदेश गरेको देखिन्छ तथापि यी निवेदकलाई मिति २०७७।९।१ गते जिल्ला प्रहरी कार्यालय पाल्पाले पाल्पा जिल्ला अदालतमा पेस गरेको अवस्था पाइन्छ। उक्त जिल्ला अदालतले सोही दिन अपराधिक प्रवेश तथा अपराधिक उपद्रव सम्बन्धी मुद्दाहरु(०७७-c1-०००३ र ०७६-c1-००५०)मा बयान लिई साधारण तारेखमा राख्ने मिति २०७७।९।१को थुनछेक आदेशबाट छर्लङ्ग रुपमा देखाउँछ। उक्त थुनछेक आदेश भएको दिन राति ९.४० बजे प्रहरीउपर अभद्र व्यवहार गरेको आरोप लगाइएको छ। यो कति संभव र प्रतितलायक छ? मूल्याङ्कन गर्नु पर्ने प्रश्न देखियो।

१४.मिति २०७७।८।५ गते गिरफ्तार गरेपछि मिति २०७७।८।३० गतेसम्म रुपन्देहीमा रहेको अवस्था छ। राज्यकै तर्फबाट त्यसको भोलिपल्ट मिति

२०७७।९।१ गते निवेदकलाई पाल्पा जिल्ला अदालतमा पेस गरिएको छ। त्यहाँ एक नभई २ वटा मुद्दामा बयान लिने र थुनछेक आदेशसमेत सोही दिन भएको परिप्रेक्ष्यमा विचार गर्दा पुरै कार्यालय समय पाल्पामा व्यतित भएको अनुमान गर्नु अस्वभाविक होइन। पाल्पादेखि गुल्मीको तम्घासको बस मार्गको दुरी, पहाडी क्षेत्र भौगोलिक विकटता, सार्वजनिक यातायात साधनको सीमित संख्या आदिलाई मध्यनजर गर्दा यी निवेदक आफ्नो हैसियतले तम्घास (रेसुङ्गा) पुग्न सक्ने अनुमान गर्न सक्ने स्थिति पाइदैंन। निवेदक मिति २०७७।८।५ गतेदेखि नै सुनुवाई हुँदाका समयसम्म शृङ्खलाबद्ध रुपले एक अदालत वा स्थानबाट छुट्ने आदेश हुनासाथै विपक्षीहरुले पक्राउ गरी निरन्तर हिरासतमा राख्ने कार्य गरेको इजलासको ठम्याई रहेको छ।यस हिसाबमा राज्य वा प्रहरी अधिकारी र प्रशासनिक अधिकारीहरुले निवेदकलाई स्वतन्त्र रुपले जीवनयापन गर्न नदिने किसिमले पूर्वाग्रही भएर निजको पछि लागि परेको आभाष हुन्छ। अभियोग लगाउँदैमा दोषी नहुने मानव अधिकार विधिशास्त्र, संविधान र राज्य कानूनको भावना र मर्म छ। व्यक्तिलाई दोषी करार गर्न वस्तुनिष्ट प्रमाण वा सबुदको आवश्यकता पर्छ। निवेदकले तत्काल संकलित प्रमाणबाट गरे बिराएको देखिने सबुदको अभावमा कार्यालय समयमा मिति २०७७।९।१ गते पाल्पामा रहेको निवेदक व्यक्ति सोही बेलुका राति ९-१० बजेतिर तम्घासको ट्राफिकचोकमा पुगेर प्रहरीसँग वादविवाद गरेको कुरा कति प्रतितलायक होला? कुनै पनि व्यक्तिका सामान्य समझले प्रतितलायक भन्न सकिन्न।यसरी निवेदकले प्रहरीको गस्ती टोलीलाई कर्तव्य पालनमा बाधा व्यवधान गरेको भन्ने कुरा वास्तविक नभई काल्पनिक(imitation), वस्तुनिष्ट नभई आत्मनिष्ट (subjective) र आधारहीन(baseless) देखिन आयो। निवेदकले आफू कुनै राजनितिक दलमा आबद्ध नरहेको भनेतापनि पहिले माओवादीमा संलग्न भएको भन्ने शंकामा प्रहरीले पक्राउ गरिरहेको भन्ने निवेदन जिकिर भएको र विपक्षीहरुको लिखितजवाफमा पनि शंकाको अंश स्वीकार गरिएकोले निवेदकलाई शंकाको आधारमा हिरासतमा लिएको पाइएकोले निवेदकको थुनाई शंकास्पद(doubtful detention)समेत देखिन आयो। सार्वजनिक

अधिकारीहरुले आधारहीन, काल्पनिक र शंकाको आधारमा थुनामा राख्ने कार्य स्वच्छ(fair) नभई स्वेच्छाचारीपूर्ण (arbitrary) कार्य हो। यस्तो कार्य मानव अधिकार विधिशास्त्रको विश्वव्यापी मान्यताको प्रतिकूल छ। यसमा भनिएको छ-"कुनै व्यक्तिलाई स्वेच्छाचारी किसिमले निजको जीवन, स्वतन्त्रता र सम्पत्तिबाट वञ्चित गरिने छैन"("No shall any one person deprive from his/her life, liberty and property arbitrarily") । प्रहरीले दुर्व्यवहार गरेको भनी दिएको प्रतिवेदन र सोलाई टेकेर म्याद थपको कागज खडा हुँदैमा नागरिकको स्वतन्त्रतासम्बन्धी हक कटौती हुने आधार हुन सक्दैन। यस्तो स्थितिमा प्रहरीलाई अभद्र व्यवहारको आरोपमा जिल्ला प्रशासन कार्यालय गुल्मीबाट म्याद थप गरी हिरासतमा राख्ने कार्य कानूनसम्मत देखिन नआई निवेदकलाई गैरकानूनी थुनामा राखेको इजलासको निष्कर्ष छ।

१५. अन्तर्राष्ट्रिय कानून, जो नेपालले अनुमोदन गरी पक्ष बनेको छ, सो कानून नेपालको कानूनभन्दा माथिल्लो तहको मानिन्छ। नेपालको सन्धि ऐन,२०४७ को दफा-९ले सो कुरा स्पष्ट गरेको छ। नेपालले प्रजातन्त्र र कानूनको शासनलाई आत्मसाथ गरी मानव अधिकारलाई स्वीकार गरी संविधान र कानूनमा नागरिकका मौलिक हकहरु लिपिबद्ध गर्दै सुनिश्चितता गरेको छ। प्रत्येक नागरिकले प्रदत्त मौलिक हक समानता र विना विभेद रुपमा उपभोग गर्न पाउने कुरामा पनि सन्देह छैन। यस्ता नागरिकका हकहरुको सार्वजनिक निकाय र अधिकारीहरुले सम्मान गर्नुको विकल्प छैन।

१६. कानूनको शासन, जहाँ नागरिक सार्वभौम अधिकारसम्पन्न हुन्छन्। कानूनभन्दा माथि कोही नहुने र सबै कानूनको अधिन हुने (no above the law, all are under the law in rule of law) विश्वव्यापी मूल्य मान्यता(universal norms & values) हो। कानूनको शासन राज्य वा निजका अधिकारीहरुको स्वेच्छाचारिताको विरुद्धमा हुन्छ। सार्वजनिक अधिकारीहरुले ठिक तवर तरिकाबाट काम गरे नागरिक हकको संरक्षक हुने अन्यथा मानव अधिकारको उलङ्घनकर्ता (violator of human rights) हुन पनि पुग्छ। मानव अधिकार विधिशास्त्रमा एक उक्ति (quotation) रहेको

पाइन्छ "कानूनी दस्तावेजहरुमा नागरिकका अधिकारहरु जतिसुकै सुनौला अक्षरले लेखिए पनि जबसम्म सार्वजनिक अधिकारीहरु उत्तरदायी हुँदैनन्, त्यस्ता अधिकारको कुनै अर्थ हुँदैन"। (no meaning of golden textual rights of citizens until public authorities will be irresponsible in State).

१७. नागरिकले विधिको शासन प्रणालीले प्रत्याभूत गरेका वैयक्तिक स्वतन्त्रताहरु पेशा, रोजगार, व्यवसाय, एक स्थानबाट अर्को स्थानमा आवतजावत गर्ने, विचार अभिव्यक्ति गर्ने जस्ता स्वतन्त्रताका हकहरु उपभोग गर्न नपाउने हो भने व्यक्तिको व्यक्तित्वको कुनै अर्थ हुँदैन। यसो भन्नुको अर्थ व्यक्ति दास (enslave) समान हुन पुग्छ। यसरी वैयक्तिक स्वतन्त्रता कुण्ठित वा संकुचित भएको व्यक्ति आफ्नो पेशा रोजगार, व्यवसायको चयन गर्नबाट सोझै बञ्चित हुने, एक स्थानबाट अर्को स्थान जानमा रोक लाग्ने, आफ्ना नरनाता गोता इष्टमित्रसँगको सम्पर्कबाट बिच्छेद हुने, आफ्नो विचार राख्न नपाउने, सम्पत्ति आर्जन, उपभोग गर्न नपाउने अवस्थाको सृजना हुन पुग्छ। समाजमा आफ्ना कुनै आर्थिक, सामाजिक, राजनितिक, सांस्कृतिक र धार्मिक कारोबार गर्नबाट बञ्चित भएको व्यक्तिको व्यक्तित्वको पहिचान(Identity) गुम्न जान्छ। यस्ता अधिकारबाट बञ्चित गराउने कार्य मानसिक यातना दिने भन्दा कम कोटिको भनी आँकलन गर्न सकिदैंन। यस्तो व्यवहारलाई राज्यका अधिकारीहरुले सामान्य रुपमा लिने हो भने एक जीवन्त समाज कुण्ठा, हतोत्साह, निरुत्साह र शिर निहुरिएको समाजमा परिणत हुने खतरा बढेर जान्छ। संविधानतः सार्वभौम भनिने नागरिकले राज्यका निकाय वा अधिकारीहरुबाट स्वच्छ व्यवहार (fair treat) पाएको कुरा निर्धक्क रुपले विश्वास गर्न नसके सार्वजनिक अधिकारीप्रति अविश्वासको पारो बढ्न जान्छ। नागरिकमा यसबाट नकारात्मक सोचको (negative thinking) विकास हुन थाल्छ। यो समग्रमा सबैको लागि चिन्ताको विषय हुन पुग्छ। यसर्थ, नागरिकको हकप्रति सार्वजनिक अधिकारीले बढी नै सचेत, जिम्मेवार भई उत्तरदायी रुपले काम गर्नु पर्छ। सार्वजनिक अधिकारीहरुले मानिसको सामान्य समझ(general prudence) ले ठीक गरेको छ भन्ने किसिमले काम गरेमा नागरिकको विश्वास आर्जन सहजै गर्ने र

राज्यप्रति नागरिकहरुले निर्धक्क रुपमा विश्वास गर्ने सकारात्मक सोचको (positive thinking) अंकुरण हुन पुग्छ। सार्वजनिक निकाय र अधिकारीले नागरिकका वैयक्तिक स्वतन्त्रता लगायतका हकहरुको सम्मान नगरी दिने हो भने हाम्रो देशले अनुमोदन गरी पक्ष बनेका अन्तर्राष्ट्रिय कानूनका दस्तावेजहरु तथा हाम्रो संविधान र कानूनले प्रदत्त गरेका हकहरुको कुनै सार्थकता हुँदैन। यस्तो कार्यले पूर्वाग्रही, स्वेच्छाचारी, अधिकार वा क्षेत्राधिकारको दुरुयोग गरेको प्रतित हुन्छ। यस्तो कार्य कानूनी शासनको नजरमा असुहाउँदो(mismatching) हुन जान्छ। प्रजातन्त्र र मानव अधिकारको क्षेत्रमा राज्य चुकेको सन्देश प्रवाह हुने खतरा रहन्छ।सार्वजनिक निकाय वा अधिकारीका यस्ता कार्यलाई अदालतले किमार्थ सदर गर्न सक्तैन।

१८. निवेदकले निवेदनमा व्यक्त भएको कुरालाई मनन गर्दा विपक्षी गैरजिम्मेवार र अदालतप्रति न्यूनतम् मर्यादा पनि राख्न चुकेको महसुस भएको छ। अदालतले तारेखमा छोड्ने आदेश भएकोमा तारेख दिने फाँटबाटै प्रहरीले गिरफ्तार गरेको भन्ने निवेदन जिकिर र निवेदक पक्षका विदुषी अधिवक्ताको गम्भीर आपत्तिलाई इजलासले नजरअन्दाज गर्न सक्तैन। विधिशास्त्री Dean Roscoe Pound जसले कानून व्यवसायीलाई social engineer को उपनामले सम्बोधन गर्नु भएको छ। त्यस्ता आमजनको पथप्रदर्शक (public defender)को रुपमा विश्वव्यापी रुपमा पहिचान बनाएका कानून व्यवसायीले लहडमा यस्तो जिकिर व्यक्त गरेको होला भनी इजलासको समझ नभई गम्भीर रुपले ग्रहण गरेको छ। अदालत हाताभित्रबाट अदालतको अनुमति बिना कुनै पनि हालतमा व्यक्तिलाई पक्राउ वा गिरफ्तार गर्न नमिल्ने कुरामा अदालत र कर्मचारीहरुले ख्याल गर्नु पर्छ र प्रहरीहरुले यस कुरामा विशेष किसिमले ध्यान पुर्‍याउनु जरुरी छ। तसर्थ, यस अदालत मातहातका अदालत र यस अदालतको प्रादेशिक क्षेत्रका सबै प्रहरी कार्यालयहरु,इलाका प्रहरी कार्यालय, बुटवल र जिल्ला प्रशासन कार्यालयहरुमा अदालत हाताभित्रबाट अदालतको अनुमति नलिई कुनै व्यक्तिहरुलाई गिरफ्तार गर्ने, गराउने कार्य नगर्नु, नगराउनु भनी निर्देशन गर्नुपर्ने देखियो।

१९. उपरोक्त बमोजिमको निवेदन व्यहोरा, विपक्षीहरुको लिखितजवाफ, मिसिल संलग्न रुपन्देही र पाल्पा जिल्ला अदालतहरुका थुनछेक आदेश, यस अदालतको यिनै निवेदकका हकमा भएको पूर्व आदेश (०७७-wh-००१२, आदेश मितिः २०७७।८।१०।४, मुद्दाःबन्दीप्रत्यक्षीकरण), मिसिल संलग्न प्रमाण, विवेचना र कानूनी व्यवस्थालाई हेर्दा विपक्षीहरुले यी निवेदकलाई आधारहीन रुपमा शंका गरी स्वेच्छाचारी किसिमले प्रवृत्त भावनाले ओतप्रोत भई कपोकल्पित अभद्र व्यवहार मुद्दा लगाई हिरासतमा राख्ने कार्य गैरकानूनी देखिएकोले रिट जारी भई निवेदक थुनामुक्त हुने देखिन आयो।

२०. तसर्थ, माथि उल्लिखित आधार र कारण समेतबाट निवेदकलाई रुपन्देही जिल्ला अदालतले विस्फोटक पदार्थ सम्बन्धी मुद्दामा मिति २०७७।०८।३० मा सामान्य तारेखमा छाडेकोमा मिति २०७७।०९।०१ मा पाल्पा जिल्ला अदालतमा एनसेल टावरमा आगो लगाएको भन्ने अपराधिक प्रवेश तथा अपराधिक उपद्रवको अभियोग लगाइएका मुद्दाहरुमा बयान गराउन पेस गरेकोमा उक्त अदालतले सोही दिन साधारण तारेखमा छाडेको पाइएकोमा निजलाई सोही मिति २०७७।०९।०१ गते नै पक्राउ गरी सो दिन देखि लागू हुने गरी जिल्ला प्रहरी कार्यालय गुल्मीले अभद्र व्यवहारको आरोपमा थुनामा राखिएको देखिएको परिप्रेक्ष्यमा विचार गर्दा विपक्षीहरुले प्रवृत भावनाले निवेदकलाई आत्मनिष्ठ आधारमा थुनामा राखुको औचित्य पुष्टि नभई गैर कानूनी थुनामा राखेको देखिन आएकोले निवेदक बन्दी मिन बहादुर आलेलाई गुल्मी जिल्ला अदालतका श्रेस्तेदारको रोहवरमा गुल्मी जिल्ला अदालत बार एसोसियसनलाई जिम्मा लगाई यथाशीघ्र थुनामुक्त गरी दिनु भनी विपक्षीहरुका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ।सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्नू।

<u>तपसिल</u>

- माथि आदेशखण्डमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहरेकाले प्रस्तुत आदेश बमोजिम निज बन्दी मिन बहादुर आलेलाई तुरुन्त थुनामुक्त गरिदिनु भनी आदेशको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा लेखी पठाउनू.....१

- प्रस्तुत आदेशको प्रतिलिपि सहितको जानकारी उच्च सरकारी वकिल कार्यालय, बुटवललाई दिनू..........................................................१
- अदालतको हाताभित्रबाट अदालतको अनुमतिविना कुनै व्यक्तिलाई पक्राउ वा गिरफ्तार गर्ने कार्य नगर्नु,नगराउनु भनी यस प्रादेशिक क्षेत्रभित्रका जिल्ला प्रहरी कार्यालयहरु,इलाका प्रहरी कार्यालय,बुटवल, जिल्ला प्रशासन कार्यालयहरु तथा मातहत जिल्ला अदालतहरुमा एक एक प्रति आदेशको प्रतिलिपि राखी यस अदालतका रजिष्ट्रारले निर्देशन पठाई दिनू.................१
- प्रस्तुत आदेश प्रमाणीकरण भएको सूचना नियमानुसार प्रकाशन गर्नू.........१
- प्रस्तुत आदेश विद्युतीय प्रणालीमा अपलोड गर्नू....................................१
- प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.......................................................१

उक्त रायमा सहमत छु ।

अग्नीप्रसाद थपलिया
न्यायाधीश

हरिप्रसाद पौडेल
न्यायाधीश

*इजलास अधिकृत: मिन राज पन्थी*
*कम्प्यूटर गर्ने: क.अ.सृजना लोहनी*

इति सम्वत् २०७७ साल पौष ९ गते रोज ५ मा शुभम् ------------------

प्रमाणीकरण मितिः-२०७७/९/१३/२ अदालतको छाप